मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ४८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस २० गते सोमवार (Monday, January 4. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७७ पौष २२ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

# १७.२% कोरोना संक्रमित निको भए

**झापा, पुस १९।** नेपालमा हालसम्म २ लाख ५४ हजार ४९४ जना (९७.२ प्रतिशत) कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै कूल सङ्क्रमितको संख्या २ लाख ६१ हजार ८५९ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा आयोजित नियमित प्रेस ब्रिफिङमा प्रवक्ता डा. जागेश्वर गौतमले गत बुधबारदेखि आइतवारसम्ममा दुई हजार तीन सय ११ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको जानकारी दिए । सो अवधिमा तीन हजार एक सय ८२ जना सङ्क्रमणमुक्त भएका छन् ।

गत २४ घण्टामा पाँच हजार आठ सय जनाको नमूना परीक्षण गर्दा चार सय २१ मा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । काठमाडौंमा उपत्यकामा (भक्तपुरमा ११, ललितपुरमा २६ र काठमाडौंमा एक सय ६०) एक सय ९७ जना कोरोना सङ्क्रमण पुष्टि भएको छ । गएको २४ घण्टामा छ सय ३७ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् भने छ सय ३७ जना निको भएका छन् । गत बुधबारदेखि आइतवारसम्म ३८ को कोरोनाबाट मृत्यु भएको छ ।

**पीसीआर रिपोर्ट नक्कली बनाउँदा पक्राउ**

पीसीआर रिपोर्ट नक्कली बनाउने सात जना पक्राउ परेका छन् । नक्कली पीसीआर रिपोर्ट बनाएर विदेश जान लागेका ७ जनालाई प्रहरीले काठमाडौंबाट पक्राउ गरेको हो ।

ह्याम्स अस्पताल र सेन्ट्रल डाइग्नोष्टिक ल्याब्रोटोरी एण्ड रिसर्च सेन्टर (सिडिएल)को नाममा नक्कली पीसीआर रिपोर्ट तयार पारेर विदेश जान लागेको खुलेको थियो । शनिबार प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट



नक्कली पीसीआर रिपोर्ट बनाएर भिजिट भिषामा दुबई जान लागेका ७ जनालाई पक्राउ गरेको हो ।

सात जनामध्ये ५ जनाले ह्याम्स हस्पिटलको नामको नक्कली पीसीआर रिपोर्ट बनाएका छन् भने २ जनाले सेन्ट्रल डाइग्नोष्टिक ल्याब्रोटोरी एण्ड रिसर्च सेन्टरको नक्कली पीसीआर रिपोर्ट बनाएको पाइएको छ ।

नेपालका पीसीआर ल्याबहरुको रिपोर्टमा कोभिड-१९ नेगेटिभ आएपनि विदेशमा परीक्षण गर्दा पोजेटिभ आएको भन्दै विभिन्न देशहरुले नेपाललाई सचेत गरिरहेका बेला नक्कली रिपोर्ट लिएर विदेश जान लागेको ७ जना प्रहरी फन्दामा परेका हुन् । जसमा मकवानपुर घर भएका ३२

(बाँकी अन्तिम पृष्ठमा)

## भारतमा कोरोनाः दुई खोपलाई स्वीकृति, खोप ७० % प्रभावकारी

**झापा, पुस १९।** भारतमा कोरोनाविरुद्धको दुई ओटा खोपलाई प्रयोगका लागि स्वीकृति दिइएको छ ।

सेरम इन्स्टीच्यूट अफ इण्डिया र भारत बायोटेकका खोपलाई आपत्कालीन अवस्थामा प्रयोग गर्न अनुमति दिइएको हो । विज्ञहरुको सिफारिसका आधारमा दुवै खोपलाई स्वीकृति दिइएको भारतको औषधि नियन्त्रकको कार्यालयले जनाएको छ । कार्यालयको निर्णयका बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा खोप कति सुरक्षित छ भन्ने एकिन गरेर मात्रै स्वीकृति गरिएको अधिकारीहरुले बताएका थिए । सुरक्षाको विषय आफूहरुको मुख्य चासो भएको उनीहरुको भनाई थियो ।

खोपले कुनै हानी नगरे पनि केही सहायक असर भने गर्न सक्ने अधिकारीहरुले बताएका छन् । सामान्य ज्वरो आउने र अन्य खोप लगाउँदाझैं सामान्य दुखाई लगायतका पीडा हुने उनीहरुको भनाइ छ । सेरमको खोपले यही जनवरी १ र २ तारिखमा तोकिएको मापदण्ड पूरा गरेको पनि नियन्त्रकको कार्यालयले जनाएको छ । यो खोप २३ हजार ७ सय ४५ जनामा परीक्षण गर्दा प्रभावकारी नजिता दिएको देखिएको

(बाँकी अन्तिम पृष्ठमा)

## दुर्व्यसन रोक्न उपाय खोज्दै प्रहरी



**झापा, पुस १९।** कोरोना कहर कायमै छ । सीमा नाका बन्द छन् । नाकामा चहलपहल पनि शून्य प्रायः छ ।

तर, झापामा लागूऔषध दुव्यर्सनका घटना दिनानुदिन बढेपछि समाजमा चिन्ता थपिएको छ । विशेषगरी 'टिनएज'का युवा बढी मात्रामा लागूऔषध सेवन र ओसारपसारमा सक्रिय हुने गरेको पाइएपछि बिर्तामोडमा रहेको कोहेड कलेज टोल विकास संस्थाले लागूऔषध दुव्यर्सन रोक्न नयाँ रणनीति अपनाएको छ ।

इलाका प्रहरी कार्यालय अनारमनीसंग सहकार्य गर्दै विद्यार्थीलाई लागूऔषध दुव्यर्सन सम्वन्धी प्रशिक्षण दिन शुरु गरिएको छ । संस्थाले विद्यार्थीलाई लागूऔषधको प्रयोग र यसले पार्ने असरका विषयमा जानकारी दिन शुरु गरेको छ । बितामोड-५स्थित कोहेड कलेजमा कक्षा ११मा अध्ययरत् विद्यार्थीलाई आइतवार यसै विषयमा प्रशिक्षण दिइयो । इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले कुलतमा कसरी फसिन्छ र यसबाट बच्न के गर्नुपर्छ भन्ने विषयमा जानकारी दिएका

(बाँकी अन्तिम पृष्ठमा)

## लागूऔषधसहित पाँच जना पक्राउ

**मोरङ, पुस १९।** मोरङका तीन छुट्टाछुट्टै स्थानहरुबाट आइतवार दिउँसो लागूऔषधसहित ३ जना पक्राउ परेका छन् ।

लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१६ बाट सुन्दरहरैंचा नगरपालिका-११का ३२ बर्षीय कुशल चौधरीलाई लुपिजेसिक-६ एम्पुल, एभिल-६ एम्पुल, डाईजेलाब-६ एम्पुल र फेनारगन-६ एम्पुलसहित पक्राउ गरेको हो ।

यसैगरी इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले पथरी शनिश्चरे नगरपालिका-२का २४ बर्षीय अनिके राईलाई बिराटनगर-१६ बाट लुपिजेसिक-८ एम्पुल, एभिल-८ एम्पुल, डाईजेलाब-८ एम्पुल र फेनारगन-८ एम्पुलसहित पक्राउ गरेको हो ।

यस्तै प्रहरी चौकी सिक्टीबाट खटिएको प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

# 'खानपानले युवापुस्तामा क्यान्सरको जोखिम बढ्यो'

**झापा, पुस १९।** आमाको उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान आएका राजगढ गाउँपालिका-६ सप्तरीका सञ्जयकुमार झा अहिले बिर्तामोडस्थित पूर्वाञ्चल क्यान्सर अस्पतालमा छन् । पाठेघरको मुखमा क्यान्सर देखिएपछि आमा छाँयादेवी (नाम परिर्वतन) को उपचारका लागि उनी झापा आएका हुन् । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका चिकित्सकले आमाको उपचारका लागि पूर्वाञ्चल क्यान्सर अस्पताल बिर्तामोड लान सल्लाह दिएपछि आफूले यहाँ ल्याएको झाले बताए ।

वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका डाक्टरले पूर्वाञ्चल क्यान्सर अस्पताल रेफर गर्दा शुरुमा निक्कै डर लागेको थियो झाले भने- आफू पनि त्रिभूवन विश्व





डाक्टर वीरेन्द्रप्रसाद यादव

विद्यालयको प्राध्यापक भएकाले पूर्वाञ्चल क्यान्सर अस्पतालको विषयमा गुगल 'सर्च' गरेर अध्ययन गरेँ । त्यसक्रममा यो अस्पतालका विषयमा सबै कुरा थाह पाएपछि आमालाई उपचारका लागि यहाँ ल्याएको हुँ ।

'अस्पताल सोचेभन्दा धेरै फरक रहेछ, आमाको उपचार सहजै हुँदैछ'- झाले भने- मलाई पनि शुरुमा क्यान्सर भयावह रोग हो भन्ने लागेको थियो । तर, यहाँ आएर उपचार गराउन थालेपछि थाह भयो क्यान्सर रोग अन्य रोग जस्तै रहेछ । यसलाई सामान्य मान्दा हुनेरहेछ । आमा पूर्ण रुपमा निको हुनु हुँदैछ । आमाको केमोथेरापी चलिरहेको छ । अस्पतालको म्यानेजमेन्ट टिम देखेर म दंग छु, अस्पताल होस् त यस्तो ।

'आमाको उपचार क्यान्सर रोग विशेषज्ञ डा. वीरेन्द्रकुमार

(बाँकी अन्तिम पृष्ठमा)

## फरार प्रतिवादी कारागार चलान

**झापा, पुस १९।** लागूऔषध ओसारपसारका एक फरार प्रतिवादी कारागार चलान भएका छन् भने मानव ओसारपसार र जवरजस्ती करणी मुद्दाका अर्का एक व्यक्ति पनि कारागार चलान भएका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसर भद्रपुर-१ बस्ने ३४ वर्षीय रेम्बो भन्ने प्रदीपकुमार पौडेल कारागार चलान भएका हुन् । झापा जिल्ला अदालत भद्रपुरको २०७५ माघ १३ गतेको फैसला अनुसार लागूऔषध (गाँजा)मुद्दाका प्रतिवादी पौडेललाई ६ महिना कैद र ४ हजार रुपैयाँ जरिवाना सुनाइएको थियो ।

जरिवाना उनले राखेको धरौटीबाट सदर भएको र कैदको हकमा १ महिना २१ दिन असुल भई बाँकी ४ महिना ९ दिन बेरुजु रहेको अबस्थामा उनी फरार भएका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

## हुलाकी राजमार्ग निर्माण सुस्त हुनुको कथा

**उमाकान्त खनाल**

**झापा, पुस १९।** निर्माणाधीन हुलाकी राजमार्गमा पर्ने बिरीङ खोलामा अहिलेसम्म पुल नबन्दा खोला वारि र पारिका मानिसलाई आवतजावत गर्न कठिनाइ छ ।

झापाको झापा गाउँपालिका पश्चिममा पर्ने कनकाई नदीमा पनि पुल नबन्दा त्यहाँ निर्माणाधीन हुलाकी राजमार्गमा अहिले पनि सवारीसाधनको आवागमन हुन सकेको छैन । कनकाई नदीको पुल वर्षौंदेखि अलपत्र छ । उक्त पुलको पिलर मात्र बनाएर छाडिएको छ । झापामा पर्ने रतुवा खोलाको पुलमुनि बनाइएको बाँसको टाटीको अस्थायी पुलबाट मानिसहरू आवतजावत गर्ने गरेका छन् । पूर्वदेखि पश्चिमसम्मका तराईका सर्वसाधारणको जीवनस्तरलाई उकास्न भन्दै निर्माण शुरु भएको हुलाकी राजमार्ग निर्माणको काम शुरु भएको एक दशक बित्दा पनि सर्वसाधारणले हुलाकी राजमार्गलाई सदुपयोग गर्न पाएका छैनन् । पूर्वदेखि पश्चिमसम्म त के एउटा जिल्लाभित्र पनि उक्त राजमार्गमा यातायातका साधन चल्न सकेका छैनन् ।

प्रदेश नं. २मा पनि हुलाकी राजमार्गमा पर्ने कैयौं पुल बनेका छैनन् भने कैयौं स्थानमा सडकसमेतलाई स्तरोन्नति गरिएको छैन । सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सालगायत जिल्लालाई अहिले पनि हुलाकी राजमार्गले जोड्न सकेको छैन । चितवनमा त राष्ट्रिय निकुञ्जका कारण उक्त क्षेत्रमा सडक विस्तारको काम अघि बढ्न नसकेको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले नै जानकारी दिएको छ ।

**सोचेअनुरूप काम भएन**

हुलाकी राजमार्गको सोचेअनुरूप अगाडि बढ्न नसकेको निर्माणका पूर्व तथा वर्तमान सरकारी अधिकारीहरू बताउँछन् । कूल एक हजार आठ सय किलोमिटरभन्दा बढी निर्माण हुनुपर्ने अवस्थामा अहिलेसम्म ६०० किलोमिटर मात्र निर्माण सम्पन्न भएको निर्देशनालयले जानकारी दिएको छ । निर्देशक रोहितकुमार बिसुरालले भने- अझै पनि धेरै ठाउँमा विभिन्न अवरोधहरू छन् । ती अवरोध समाधान भए समयमा काम सक्ने हाम्रो प्रयास रहनेछ ।

पूर्वपश्चिम राजमार्गको विकल्पको रूपमा हेरिएको राजमार्गको निर्माण आर्थिक वर्ष २०७९/०८०भित्रमा सम्पन्न भइसक्नु पर्नेछ । यही गतिमा उक्त समयसीमामा काम सम्पन्न नहुने आयोजना निर्देशनालयका पूर्वनिर्देशक बलराम मिश्र बताउँछन् ।

**कहिले शुरु भयो निर्माणको काम ?**

२०४६ सालको जनआन्दोलनपछि

(बाँकी अन्तिम पृष्ठमा)

**सटर बिक्रीमा**

One Stop Mall पछाडि RK Complex मा चालू अवस्थामा रहेको कपडा पसल शुपथ मूल्यमा बिक्रीमा छ । इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८१५०२३०७८, ९८१७०२४९३३

**२५ कर्मचारी तु-आवश्यकता**

एक प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीका लागि १२ महिला तथा १३ पुरुष कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले वायोडाटासहित तुरुन्त अफिसमा सम्पर्क गर्नुहोला ।

| पद | संख्या | योग्यता | तलब |
|---|---|---|---|
| मेनेजर | ४ जना | व्याचलर वा सो सरह | २५०००देखि ३५०००सम्म |
| सहायक मेनेजर | ८ जना | +२ वा सो सरह | १००००देखि १२०००सम्म |
| अन्य कर्मचारी | १२ जना | एसएलसी/एसईई वा सो सरह | ७०००देखि १०००० निःशुल्क तालिम व्यवस्था भएको । |

उमेरः १७ बर्षदेखि २७ बर्षभित्रको हुनुपर्नेछ ।
नोटः – अनुभव नभएकोले पनि सम्पर्क गर्न सक्नुहुनेछ । टाढाबाट आउनेलाई निःशुल्क खाना-बस्नको व्यवस्था छ । Maxwell, Birtamode बिर्तामोड-५, कनकाई रोड, झापा (मो. ९८१२३२९९१६, ९८०६४२८७७९)




**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन**

पहिले ०२३-५४१००२/ ५४००४४ — अहिले ०२३-५३१००२/ ५३००४४

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क** : ९८०६०००३१३/०२३-५९०१६६

# प्रधानमन्त्री कपको उपाधि प्रदेश १लाई



**झापा, पुस १९।** प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेटको उपाधि प्रदेश १ ले जितेको छ ।

आइतवार भएको फाइनलमा विभागीय क्लब एपीएफलाई ६ रनले पराजित गर्दै प्रदेश नं. १ले उपाधि आफ्नो पक्षमा पारेको हो । दाङको लमहीमा भएको खेलमा प्रदेश १ ले दिएको १ सय ६ रनको लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङमा उत्रिएको एपिएफले निर्धारित ओभरमा ७ विकेटको क्षतिमा ९९ रन मात्र बनाउन सक्यो ।

एपिएफकी ममता चौधरीले सर्वाधिक ३४ रन बनाए पनि हार टार्न प्रयाप्त भएन । यस्तै करुणा भण्डारीले २६ रन जोडे पनि अन्यको ब्याट चल्न सकेन । प्रदेश १की रुबिना क्षत्री र अलिशा खडियाले २/२ विकेट लिँदा संगीता राईले १ विकेट लिइन् । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको प्रदेश १ ले निर्धारित २० ओभरमा ४ विकेटको क्षतिमा १ सय ५ रन बनाएको थियो ।

प्रदेश १की अप्सरा बेगमले सर्वाधिक ३४ रनको योगदान दिइन् भने काजल श्रेष्ठ २९ रनमा अविजित रहिन् । यसैगरी कप्तान रुबिना क्षत्रीले १८ रन बनाइन् । एपिएफकी सीता राना मगरले ३ तथा करुणा भण्डारीले १ विकेट हात पारिन् ।

# दुर्घटनामा एक जनाको मृत्यु

**मोरङ, पुस १९।** मोरङको उर्लावारी नगरपालिका-४ आईतवारेमा बसले मोटरसाइकललाई ठक्कर दिँदा चालकको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को१ख ६२७८ नम्बरको बसले बिपरीत दिशाबाट आउँदै गरेको मे६प ३२६३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा घाइते भएका मोटरसाइकल चालक दमक नगरपालिका-४का ३२ बर्षीय प्रदीप कार्कीको उपचारको क्रममा मृत्यु भएको हो । कार्कीको उर्लावारीस्थित अरनिको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय उर्लावारीले जनाएको छ । मोटरसाइकललाई ठक्कर दिने बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## हुलाकी ...

भएको संसदीय निर्वाचनपछि हुलाकी राजमार्ग बनाउने कुरा उठेको जानकारहरू बताउँछन् । मिश्रका अनुसार सन् २००२मा भारतको सहयोगमा राजमार्ग बनाउने भनेर सैद्धान्तिक सहमति भएको थियो । मिश्र भन्छन्- सन् २००६मा भारतसँग पहिलो सम्झौता भए पनि सन् २०१० मा पहिलो ठेक्का लागेको थियो । शुरुमा भारतले सडक बनाइदिने र नेपालले पुल निर्माण गर्ने सम्झौता भए पनि सम्झौता अनुरूप निर्माणको काम नभएपछि अहिले सबै काम नेपालले गर्ने भनेर काम अगाडि बढाइएको मिश्रले बताए । शुरुमा राजमार्गको लम्बाई एक हजार किलोमिटर भए पनि धेरै सहायक सडकलाई पनि हुलाकी राजमार्ग निर्माणमा गाभिएको सडक विभागका अधिकारीहरू बताउँछन् ।

**निर्माणको काममा कति प्रगति भयो ?**

निर्देशनालयका अनुसार २०६५/०६६मा शुरु भएको निर्माण कार्यको भौतिक प्रगति ६६ प्रतिशत छ । बिसुरालका अनुसार राजमार्गको वित्तीय प्रगति ५७ प्रतिशत छ । उनले भने- कुनै/कुनै स्थानमा अझै पनि हामीले सडक तथा पुल बनाउनका लागि अनुमति पाएका छैनौं । उनले चितवनको राष्ट्रिय निकुञ्ज तथा चितवन पश्चिममा पर्ने घना जङ्गलमा सडक तथा पुल निर्माणको काम अघि बढ्न नसकेको बताए ।

**८० वटा पुलको ठेक्का लाग्नै बाँकी**

राजमार्गमा अहिलेसम्म ९७ वटा पुल बनिसकेको निर्देशनालयले जानकारी दिएको छ। अहिले थप ८० वटा पुल बनिरहेका छन् । कतिपय पुल भने लामो समयदेखि अलपत्र छन् । कुनै पुलको काम शुरु मात्र गरिएको छ भने कुनै आधा काम गरेर छाडिएका छन् ।

झापामा पर्ने कन्काई, बिरीङ तथा रतुवा नदीका पुल धेरै वर्षदेखि अलपत्र अवस्थामा छन् । बिसुरालका अनुसार अब करिब ८० वटा पुलको ठेक्का लगाउनै बाँकी छ । उनले भने- ती पुल ठेक्का लागेपछि काम अझ बढ्ला कि आशा छ । समयमा काम सकिएन भने लागत ६५ अर्ब रुपैयाँबाट बढ्ने सम्भावना हुन्छ ।

**टुक्रेको राजमार्ग बन्ने सम्भावना छः मन्त्रालय**

मेचीदेखि महाकालीसम्म अवरोधबिना सवारीसाधन चल्न सक्ने वैकल्पिक राजमार्गको रूपमा हेरिए पनि हुलाकी राजमार्ग टुक्रिन सक्ने सम्भावना रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठले बताए ।

उनका अनुसार राष्ट्रिय निकुञ्ज क्षेत्रमा राजमार्ग बनाउने अनुमति नपाएको हुनाले समयमा काम सक्नुपर्ने बाध्यता आए हुलाकी राजमार्ग टुक्रिन सक्नेछ । श्रेष्ठले भने- कुनै स्थानमा हुलाकी राजमार्गबाट सवारीसाधन चले पनि समस्या रहेको स्थानमा सवारी साधनले पुनः पुरानै पूर्वपश्चिम राजमार्गमा निस्केर यात्रा तय गर्नुपर्ने हुनसक्छ। त्यो पनि एउटा विकल्प होला भनेर हामी सोचिरहेका छौँ ।

तर पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री रमेश लेखकले सरकारले प्राथमिकताका साथ काम गरे त्यस्ता समस्या हल हुने बताए । आफू मन्त्री हुँदा भारतबाट आर्थिक सहयोग पर्याप्त पाएको दाबी गर्दै पूर्वमन्त्री लेखकले अहिलेको सरकारले ध्यान दिएर काम नगरेको आरोप लगाए । उनले भने- आयोजना सम्पन्न गर्ने सरकारको ध्यान छैन । पैसा नभएर होइन मन नभएर राजमार्ग निर्माणको काम ढिलो भएको हो । वीवीसी

## भारतमा ...

सेरमले दावी गरेको छ । परीक्षणमा १८ वर्ष वा सो सरहदेखि त्योभन्दा धेरै उमेरका मानिसहरु सहभागी भएका थिए ।

परीक्षण गर्दा सेरमको खोपले औसतमा ७०.४२ प्रतिशतसम्म काम गरेको पाइएको अधिकारीहरुले जनाएका छन् । यसको परीक्षण तेस्रो चरणसम्म भएको थियो । सामान्य वा नियमित अवस्थामा भने यी खोपहरु प्रयोग गर्न प्रतिबन्ध लगाइएको छ । यसको विकास र परीक्षणको काम अझै पनि जारी रहेको छ । भारत बायोटेकको खोप भने आइसिएमआर र नेसनल इन्स्टिच्यूट अफ भाइरोलोजीले संयुक्त रुपमा विकास गरेका हुन् । विश्वभरी नै राम्रो मानिएको प्रणालीमार्फत यसको विकास गरिएको पनि अधिकारीहरुले जनाएका छन् । सेरम र भारत बायोटेकका खोपहरु दुई डोज लगाउनुपर्नेछ भने यी खोपहरु २देखि ८ डिग्री सेल्सियसमा भण्डार गर्न सकिने छ ।

## ९७.२ प्रतिशत ...

वर्षीय रोशनप्रसाद आचार्य, धनुषा घर भएका २९ वर्षीय छेदी महतो, ३८ वर्षीय तेजनारायण महतो र ३२ वर्षीय सोलेन्द्र महतो, अर्घाखाँचीका १८ वर्षीय प्रवीण भट्टराई रहेका छन् ।

उनीहरु ५ जनाले ह्याम्स हस्पिटल प्रयोगशालाको नामको नक्कली पीसीआर रिपोर्ट बनाएका छन् । यस्तै, सल्यानका २५ वर्षीय दिनेश सिंह र सिन्धुपाल्चोकका २१ वर्षीय माइला तामाङले भने सेन्ट्रल डाइग्नोस्टिक ल्याब्रोटोरी एण्ड रिसर्च सेन्टरको प्रयोगशालाको नक्कली पीसीआर रिपोर्ट बनाएको पाइएको छ ।

नक्कली रिपोर्ट बनाएर भिजिट भिषामा दुबई छिर्न लागेका उनीहरुले कसरी र कहाँबाट नक्कली पीसीआर बनाए भन्ने अनुसन्धान प्रहरीले जारी राखेको छ । गौशाला प्रहरी वृत्तका इन्स्पेक्टर जनक ढुंगानाले नक्कली पीसीआर रिपोर्ट लिएर विदेश जान लागेकाहरुमाथि थप अनुसन्धान अगाडि बढाइएको जानकारी दिए ।

‘हामीले उनीहरुमाथि थप अनुसन्धान जारी राखेका छौं’- उनले भने- ‘कसरी नक्कली रिपोर्ट तयार पारिएको भन्ने विषय अनुसन्धानकै क्रममा छ ।’ प्रहरी स्रोतका अनुसार प्रारम्भिक चरणको अनुसन्धानबाट भिजिट भिसामा दुबई जान लागेका ती युवाहरुलाई दलालहरुले बाटैमा पीसीआर रिपोर्टलगायतका डकुमेन्टहरु थमाएका थिए । उनीहरुले पैसा पनि बाटोमै गाडीमा बुझेको पाइएको छ । प्रहरीले अहिले उनीहरुलाई विदेश पठाउने गिरोहलाई खोजिरहेको छ ।

## लागूऔषधसहित ...

टोलीले पथरी शनिश्चरे नगरपालिका-१ का २८ बर्षीय अनिश नेपालीलाई नाइट्रोभेट टयाब्लेट २३ थान, डाईजोल्याव ६ एम्पुल, फेनारगन ६ एम्पुल र एभिल ६ एम्पुलसहित पक्राउ गरेको छ । पक्राउ परेका तीनै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

त्यस्तै मोरङको बिराटनगर महानगरपलिका-१६ हुलास चोकबाट लागूऔषधसहित २ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा इटहरी उप-महानगरपालिका-२का ३२ बर्षीय अमित लिम्बू र २७ बर्षीय हेमराज बस्नेत रहेका छन् । बिशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बा२च ६१११ नम्बरको कारलाई चेकजाँच गर्ने क्रममा उक्त कारभित्रबाट लागूऔषध डाइलक्स डि.सी १ गिलेन, नाइट्राभेट २४ ट्याब्लेट र स्पास्मोप्रोक्सिवन ८ ट्याब्लेट बरामद गरेको छ । लागूऔषधसहित पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

## फरार ...

खोजतलास गर्ने क्रममा बिशेष सुराकीको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले आइतवार उनकै घरबाट पक्राउ गरी बाँकी कैद भुक्तानको लागि कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

त्यस्तै मानव ओसारपसार र जवरजस्ती करणी मुद्दामा साविक खजुरगाच्छी गाविस घर भएका २६ वर्षीय वेगू यादव भनिने दीपेन्द्र यादव जेल चलान भएका छन् । ११ वर्ष कैद र एक लाख रुपैयाँ जरिवाना सुनाइएका उनी यस अघि फरार थिए । जिल्ला अदालत झापाले २०७६ साल असार ३० गते उनलाई कारागार चलान गर्न आदेश दिएको थियो ।

## खानपानले ...

यादवसहितको टिमले निक्कै मेहनत गरेर गरेको छ’- झाले भने - आमाको उपचारमा कुनै दिन चिन्ता लिनु परेन डा.को टिमले आफ्नै आमाको उपचार गरेजस्तै गरी सहजै उपचार गरिदिनुभएको छ । डाक्टरको सेवाप्रति म खुशी छु नै आमा पनि धेरै खुशी हुनुहुन्छ ।

यता झापाको दमक नगरपालिका निवासी कमला रिमाल पनि अहिले पूर्वाञ्चल क्यान्सर अस्पतालमा नै उपचाररत् छिन् । उनको स्तनमा क्यान्सर भएपछि असार यता अस्पतालको प्रत्यक्ष सम्पर्कमा रहेर उपचार गराइरहेकी छिन् । क्यान्सर देखिएपछि गत असारमा शल्यक्रिया गरिएको थियो । उनको शल्यक्रिया पनि क्यान्सर रोग विशेषज्ञ डा. वीरेन्द्रकुमार यादवसहितको टिमले गरेको थियो ।

नियमित ‘फलोअप’का लागि पूर्वाञ्चल क्यान्सर अस्पताल आएकी रिमालले अस्पतालमा सहजै आफूले उपचार गराएको र अहिलेसम्म ८ बटा केमो चलाइसकेको बताइन् । अहिले अन्तिम केमोका लागि यहाँ आएकी हुँ- उनले भनिन्- शुरुमा डर थियो, अहिले रोग निको भयो, अस्पतालको सेवाप्रति खुशी छु ।

‘डा. वाशुले आमाको स्तनमा क्यान्सर भएको भन्दै शल्यक्रियाका लागि भन्नुभएको थियो’- आमाको उपचारका लागि अस्पताल आएकी उनकी छोरी नीताले भनिन्- सामान्य अवस्थामा रहनु भएकी आमाको स्तनमा क्यान्सर छ भन्दा शुरुमा त निक्कै डर लाग्यो । तर, डाक्टरको ‘काउन्सिलिङ’ले हामीलाई आश्वस्त गरायो र गत असारमा शल्यक्रिया गरिएको थियो । अहिले आमा निको हुँदै हुनुहुन्छ । केही दिनभित्रै आमा पूर्ण रुपमा निको भएपछि घर लाने तयारी गरिरहेका छौं ।

यता मेचीनगर नगरपालिका-७ निवासी टीकाराम पोखरेलले पनि पूर्वाञ्चल क्यान्सर अस्पतालबाट राम्रो सेवा पाएको उनका आफन्त हरिबहादुर भट्टराईले बताए । उनले भने- आफ्नै ठाउँमा यतिका सुविधासम्पन्न अस्पताल बनेको रहेछ थाह थिएन । टीकारामको उपचार गराउँदा थाहा भयो आँगनमा बनेको अस्पतालले म मात्रै होइन झापासहित पूर्वका वासिन्दालाई ठूलो गुन लगाएको छ । क्यान्सरको उपचारका लागि अब अन्यत्र जानु नपर्ने रहेछ- भट्टराईले भने- ‘यहाँ जस्तो सुकै क्यान्सरको पनि उपचार हुन्छ भन्ने सुनेको छु । हाम्रो केटाको चाहिँ राम्ररी नै उपचार भयो ।’

आफ्नै ठाउँमा सञ्चालनमा आएको पूर्वाञ्चल क्यान्सर अस्पतालमा घरकै खाना खाएर उपचार गराउने भट्टराई र रिमाल प्रतिनिधि पात्र मात्रै हुन् । उनीहरु जस्ता धेरैले अहिले यो अस्पतालबाट सेवा लिएका छन् । एक वर्ष अघिबाट सञ्चालनमा आएको पूर्वाञ्चल क्यान्सर अस्पताल स्थापनाको पहिलो वर्ष मै २६ हजार क्यान्सरका बिरामीले ओपीडी सेवा लिएका छन् ।

अस्पताल प्रशासनका अनुसार सन् २०२०को शुरुवातसँगै अस्पतालले आफ्नो सेवा शुरु गरेको थियो । प्रदेश नं. १का क्यान्सरका बिरामीलाई लक्षित गरी सञ्चालनमा आएको अस्पतालले हालसम्म २६ हजार जनालाई सेवा दिएको जनाएको छ । पूर्वाञ्चल क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर समेत रहेका डा. यादवले पूर्वाञ्चल क्यान्सर अस्पतालमा अहिले दैनिक रेडिएनसका लागि मात्रै ५०/६० जना आउने गरेको र क्यान्सर रोग पत्ता लगाउनका लागि र केमोका लागि पनि दैनिक एक सयको हाराहामीमा बिरामी आउने गरेको बताए ।

एक वर्षको अवधिमा चार सय १३ जनाले रेडिएसन, पाँच सय २५ जनाले सर्जरी सेवा लिएको बताइएको छ । अस्पतालले नयाँ प्रविधिको मेसिन ‘ट्रू बिम लिनियर एक्सेलेरेटर’ मार्फत क्यान्सरका बिरामीलाई एक मिनेटमै रेडिएसन दिनसक्ने प्रविधि, क्यान्सरको अवस्था जाँचका लागि ‘पेट सिटी स्क्यान’ मेसिनबाट सेवा दिइरहेको बताउँदै मेडिकल डाइरेक्टर डा. यादवले अब एशियामा नै नभएको साइबर नाइफ अत्याधुनिक रेडियो सर्जरी प्रविधि भित्र्याउन लागेको जानकारी दिए ।

डा. यादवले खानपानका कारण युवा पुस्तामा क्यान्सरको समस्या भयावह बन्दै गएको बताए । अब यो वा त्यो उमेर रहेनछ- डा. यादवले भने- अहिले खानपान र रहनसहनले धेरैलाई क्यान्सर भइरहेको छ । खानपानमा ध्यान नदिने हो भने क्यान्सरको समस्या भयावह हुन्छ । ‘केही समय अघिसम्म पाको उमेरमा क्यान्सर हुन्छ भन्ने मान्यता थियो’- डा यादवले भने- युवावर्गले खानपानमा ध्यान नदिएकै कारण क्यान्सरको समस्या बढेर गएको छ । डा. यादवले खानपानमा युवापुस्तालाई ध्यान दिन आग्रह समेत गरेका छन् ।

## दुर्व्यसन ...

थिए । उनले कुलत रोक्न विद्यार्थीको भूमिका अहम् हुने भन्दै विद्यार्थीलाई आफू पनि चनाखो बन्न र समाजमा त्यस्तो गतिविधिमा सम्लग्न कोही देखापरे अभिभावक र प्रहरीलाई खवर गर्न आग्रह समेत गरे ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत प्रहरीले अहिले यस खाले विभिन्न कार्य गर्दै आएको बताएका प्रहरी नायव उपरीक्षक रिजालले विद्यार्थीले लागूऔषधको कुलत रोक्न सक्ने भएकाले यस्ता कार्यक्रम प्रभावकारी हुने बताए ।

कोरोना कहरपछि समुदाय प्रहरी साझेदारी कार्यक्रमक अन्तर्गत पहिलो कार्यक्रम सम्पन्न गरेको प्रहरी प्रमुख रिजालले बताए । उनले लकडाउनकै अवधिमा धेरै युवा कुलतमा फसेको र लागूऔषध ओसारपसारमा संलगन धेरैलाई पक्राउ गर्दै कारवाही अघि बढाए पनि त्यसले मात्र पर्याप्त नहुँने हुँदा दुर्व्यसन रोक्न समाज नै सचेत हुनुपर्ने बताए । कोहेड कलेजका प्रिन्सिपल उमानाथ ओलीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा एक सयभन्दा बढी विद्यार्थीको सहभागगिता रहेको थियो ।

कोहेड टोल विकास संस्थाकी अध्यक्ष पार्वता बिमलीको अध्यक्षतामा भएको कार्यक्रममा व्यवसायी ओमकृष्ण बिमली, विर्तामोड नगरपालिकाकी कार्यपालिका सदस्य भावना घिमिरे, सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष उत्तम खनाल, न्यूटन टोल विकास अध्यक्ष लवकुश चौधरी, कोहेड कलेजका कोअर्डिनेटर केशव प्रसाई लगायतले लागूऔषध दुर्व्यसन रोक्न समाज आफैं चनाखो हुनुपर्ने बताए । संस्थाकी सदस्य अम्विका कुँवरले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव उमा मिश्रले गरेकी थिइन् ।


## वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी ।
मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी ।
**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



**दोमुखा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
कनकाई नपा-३, सुरुङ्गा, झापा

## साधारणसभामा उपस्थित हुने र उम्मेदवारी दर्ता बारेको सूचना

यस संस्थाको सञ्चालक समितिको मिति २०७७/०९/०४को बैठकको निर्णय अनुसार यस संस्थाको २१ औं वार्षिक साधारणसभा तथा १२ औं अधिवेशनको सूचना प्रकाशित भए अनुसार देहायका विषयमा छलफल तथा निर्णयका लागि सुझाव संकलन तपसिलको मिति, समय र तालिका अनुसार संस्थाको कार्यालयमा हुने भएकोले अनिवार्य उपस्थित भई आफ्नो अमूल्य सुझाव प्रदान गरिदिनहुन हार्दिक अनुरोध छ ।

**छलफलका विषयहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. आ.व.२०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गर्ने र पारित गर्ने ।
३. आ.व.२०७७/०७८ का लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
४. आगामी आ.व.२०७७/०७८ को अनुमानित आय-व्यय विवरण सहित वार्षिक कार्ययोजना सम्बन्धमा छलफल गरी पारित गर्ने ।
५. नयाा कार्यसमिति चयन गर्ने सम्बन्धमा ।
क) उपरोक्त निर्वाचन सम्बन्धी कार्यक्रमको हकमा बुँदा नं. ५ को उमेद्वारको **दरखास्त दर्ता सम्बन्धमा तपसिल बमोजिम हुनेछ :-**

**तपसिल**
१. मिति २०७७/०९/२० गते क्र.सं. ०१ देखि ३०० सम्मका शेयर सदस्यहरुले दर्ता गर्ने ।
२. मिति २०७७/०९/२१ गते क्र.सं. ३०१ देखि १२०० सम्मका शेयर सदस्यहरुले दर्ता गर्ने ।
३. मिति २०७७/०९/२२ गते क्र.सं. १२०१ देखि २९०० सम्मका शेयर सदस्यहरुले दर्ता गर्ने ।
४. मिति २०७७/०९/२३ गते क्र.सं. २९०१ देखि माथि सबै शेयर सदस्यहरुले दर्ता गर्ने ।

**तीर्थराज खरेल** — सदस्य
**प्रयोगराज काफ्ले** — सदस्य
**हरिप्रसाद तिम्सिना** — संयोजक
निर्वाचन समिति



**बिर्तामोड नगरपालिका**
**पशुपन्छी तथा मत्स्य विकास शाखा झापा**

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

*सूचना प्रकाशन मिति : २०७७/०९/२०*

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको चालू आ.व. ०७७/०७८ को स्वीकृति सशर्त अनुदान कार्यक्रम अन्तर्गत लागत साझेदारीमा पशुपंक्षी प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया २०७७ बमोजिम लागत साझेदारीमा बंगुर प्रवर्द्धन (पकेट) कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि समूह/सहकारी/जल तथा वन उपभोक्ता समितिहरुले आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (२०७७/१०/०५) गतेभित्र कार्यालय समयमा उपस्थित भई तोकिएको ढाँचा (अनुसूचि १०) अनुसार आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**निवेदन साथ पेश गनुपर्ने कागजातहरु :**
१) सम्बन्धित निकयामा कृषि समूह, सहकारी/संस्था तथा समिति दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
२) कार्यक्रम सञ्चालन हुने स्थानको जग्ग तथा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
४) कार्य समितिको निर्णयको प्रतिलिपि ।
५) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

*नोट : थप जानकारीका कार्यालयको सम्पर्क नं. ०२३-५४६६७३ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।*

**गणेशप्रसाद दाहाल** : प्रमुख प्रशासकीय अधिकृत



नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED

काँकरभिट्टा शाखा

**नेपाल बैंक लिमिटेडको काँकरभिट्टा शाखाको**

## मेची भन्सारस्थित सुख्खा बन्दरगाहमा रहेको एक्सटेन्सन काउन्टरमा सिभिल र इलेक्ट्रिकल कार्य गर्नको लागि दरभाउपत्र आव्हानको सूचना

**(प्रथमपटक प्रकशित मिति २०७७/०९/२०)**

नेपाल बैंक लिमिटेडको झापा जिल्लास्थित काँकरभिट्टा शाखाको मेची भन्सारस्थित एक्सटेन्सन काउन्टर स्थापनाको लागि लिईएको भाडाको भवनमा शाखा सञ्चालनको लागी काउण्टर, आल्मुनियम पर्टिसन, आदि निर्माण साथै फल्स् सिलिङ, लगायतका सिभिल तथा AC, CCTV सहितको इलेक्टिूकल नेटवर्किङ कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेश गर्न शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । यस बैंकको काँकरभिट्टा शाखामा रहेको खाता नं ९४५०७०१०० मा रु.१,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको काँकरभिट्टा शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, काँकरभिट्टा शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**
१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित धरौटी वापत यस बैंकको काँकरभिट्टा शाखाको खाता नं ९१६११०७०५ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको ‘क’ वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तिम मितिले ४५ दिनको हुनेछ ।
२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अधिल्लो आर्थिक बर्षसम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभवको प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।
३) दरभाउपत्र पेश गर्दा बैंकले उपलव्ध गराएको दरभाउपत्र फाराम नै (नियम एवम् शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनुपर्नेछ ।
४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनुपर्नेछ र बैंकको प्राविधिकको स्वीकृतिमा मात्र प्रयोग गर्नु पर्ने छ ।
५) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।
**दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति** :- २०७७/१०/०५ गते सोमवार कार्यालय समयभित्र ।
**दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति** :- २०७७/१०/०६ गते मंगलवार बिहान ११:०० बजेभित्र ।
**दरभाउपत्र दाखिला गर्ने स्थान** :- यस बैंकको काँकरभिट्टा शाखामा दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।
**६) थप विवरण :-**

| शाखा | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | दरभाउपत्र धरौटी वापत रकम | दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान | दरभाउपत्र खोल्ने मिति, स्थान र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ दुवै गरी भ्याट समेत कूल जम्मा रकम |
|---|---|---|---|---|---|
| काँकरभिट्टा | २५ दिन | रु.१८,०००/- (अक्षरेपी अठार हजार मात्र।) | ने.बैं.लि. काँकरभिट्टा शाखा, झापा । | ने.बैं.लि.काँकरभिट्टा शाखा मिति:-२०७७/१०/०६ गते मंगलवार दिउँसो १२:३० बजे | रु.७,१३,५५६/४० (अक्षरेपी सात लाख तेह्र हजार पाँच सय छपन्न र पैसा चालिस मात्र ।) |

नोट : दरभाउपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट बोलपत्र खोलिनेछ ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसिसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## बेलगाम बोली

देश र जनताका अभिभावक नै निम्न स्तरको गालीगलौजमा उत्रिएपछि उनीहरुबाट परिवार र समाजले के अपेक्षा गर्न सक्छ र ! यही नियति भोग्दैछन् नेपालीले । अभिभावकीय भूमिकामा रहेका प्रधानमन्त्री केपी ओलीले प्रतिनिधि सभा विघटन गरेपछिको घटनाक्रमले उत्पन्न गरेको परिस्थितिमा उनी आफ्ना विपक्षमा रहेका सम्मानित नेतृत्वहरुलाई नै तल्लोकोटीको शब्द प्रहार गर्दैछन् । एकीकरण भएको दुई वर्ष मै टुक्रिएको नेपाल कम्युनिष्ट पार्टी र त्यसको झन्डा, चुनाव चिह्न आ–आफ्नो भएको दाबी गर्दै आएको दलका शीर्ष नेताहरु आफू बाहेक अरु 'नजाती' देखाउन लगौंटी कसेर लागेका छन् । त्यसकै उदाहरण हो प्रत्येक दिन सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रकाशित/प्रशारित समाचारहरु । त्यसमाथि पनि प्रधानमन्त्रीका अभिव्यक्ति, प्रयोग गरिएका शब्दहरु, उदाहरण र उपमाले नेपालीको शिर झुकेको अनुभूति गरिँदैछ । पाँच दशकसम्म सहयात्रा गरेका, आफूहरुलाई निमुखा, अबोला, गरीब, शोषित र पीडितको सहाय ठान्ने नेताहरुका मुखबाट प्रकट भएका यस्ता वाणीहरुका कारण उनीहरु 'केबल सत्ता चाहन्छन्, सत्ता बाहेक केही चाहँदैनन्' देखिएको छ ।

प्रतिनिधि सभा विघटन भइसकेपछि उत्पन्न विवाद उत्कर्षमा पुग्दा सभामुखदेखि राष्ट्रपतिसम्मले अपमानित हुनु परेको छ । प्रम स्वयम्ले सभामुखलाई 'किर्ते' गरेको आरोप लगाएका छन् । त्यसकै शिको गरेर होला सामाजिक सञ्जालमा सवैधानिक अङ्गका प्रमुख मात्र होइन राष्ट्रपति सम्मैकालाई अश्लील पात्र बनाइँदैछ । यस्तो स्वतन्त्रताले नेपालीको शिर कति उच्च होला, स्वाभिमान कति अग्लिएला र राष्ट्रिय गौरव कति बलियो होला अनुमान सहजै गर्न सकिन्छ । सहयात्रा गरेको यति लामो अवधि भइसक्दा पनि एकअर्कालाई चिन्न नसक्ने नेताहरुले देशको नेतृत्व कसरी गर्लान् ? यति धेरै बहुलतालाई कसरी एउटै सूत्रमा जोड्लान् र कसरी समृद्ध नेपाल र सुखी नेपालीको चाहनालाई पूर्णता देलान्– प्रश्न उब्जिएको छ ।

संयम, सहिष्णुता, धैर्य र उदात्त भाव मानिसका उचाइ नाप्ने कसी हुन् । मानव हुनुका नाताले यी गुण सबैमा हुनुपर्छ । अझ जनताको प्रतिनिधि र राष्ट्रको गौरव बन्नुपर्नेहरु नै आकाशतर्फ थुक्न थालेपछि जनता आफैंले थुकबाट जोगिने उपाय खोजी गर्नुको विकल्प छैन । त्यसो गर्दागर्दै समय सकिने भएकाले समृद्धि आकाशको फल नभएर के हुनसक्छ ? जे का लागि जनयुद्ध वा जनआन्दोलन गरियो भनिन्छ, त्यसैलाई घाँटी निमोठ्न उद्दत हुनु मुर्ख्याइँ बाहेक केही होइन । पदमा रहँदा मात्र पैसा, प्रतिष्ठा प्राप्त गर्न सकिन्छ भन्ने मानसिकताले गाँजेको वर्तमानलाई निष्ठा, सेवा र कर्मठताले बदल्न सक्नु पर्दछ । यसका लागि सरकार प्रमुखले नै दायित्वबोध गर्नुपर्दछ । पण्डित्याइँ व्यवहारमा उतार्नु पर्दछ, केबल भन्नका लागि होइन । आरोप–प्रत्यारोप र निकृष्ट शब्द वर्षाले उचाइ बढ्दैन, झन् खुम्चिन्छ भन्ने तथ्यबोध सबैमा होस् ।

# नेकपाको निष्कर्ष
# दलाल पुँजीवाद मुलुकको मुख्य शत्रु



तीर्थराज खरेल

छ दशक लामो संघर्ष र आन्दोलनको कूल परिणाम नेपालको संविधान २०७२ जारी भएको हो। उक्त संविधानले नेपालको राज्यव्यवस्थालाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवादउन्मुख राज्यव्यवस्था भनेको छ। मुलुक पुँजीवादी बाटोमा अघि बढेको र अब पुँजीवादको चिहानमा समाजवादी राज्यसत्ता निर्माण गर्ने बाटोमा नेपाल अघि बढिरहेको छ। अहिले नेपालको संविधानले निर्देश गरेको मार्गचित्र अनुरुप मुलुक अघि बढिरहेको छैन। संविधानले आफै काम गर्दैन। यसलाई परिचालित गर्ने त राजनीतिक दल, नागरिक र सरकारले हो। अहिले नेपाली समाजको अर्थराजनीतिक चरित्र दलाल पुँजीवादी छ। राष्ट्रिय पुँजी कमजोर छ। उत्पादनमूलक र रोजगारमूलक पुँजी नगन्य छ। लगानी नगरेरै बिचैमा पुँजीको दोहन गर्ने शक्ति हावी भएको छ। दलाल पुँजीवादीहरू सबै क्षेत्रमा मौलाएका छन्।

शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवाभावले प्रेरित हुने संस्थामा समेत दलाल पुँजीवादीहरूको नियन्त्रण छ। दलाल पुँजीवादले मानवीयता चुस्छ। पुँजीका दुई चरित्र छन्। उत्पादक चरित्र- नाफा त गर्छ। नाफासँगै रोजगारी पनि सिर्जना गर्छ। पुँजी लगानी गरेपछि रोजगारी सिर्जना हुन्छ, कर तिर्छ। त्यही करबाट बाटोघाटो, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माणमा राज्यले खर्च गर्छ। यस्तो पुँजी उत्पादनशील पुँजी हो। राष्ट्रिय पुँजी र उद्यमशील पुँजी हो। दलाल पुँजी- यसले रोजगारी सिर्जना गर्दैन। बाहिरबाट सामान लिएर आउँछ। जसले भएकै रोजगारी पनि खोसिदिन्छ। अनि, बजार थाम्न सक्दैन गाउँको मान्छेले। आफ्नै जमिनबाट उखेलिएर सदरमुकाम आउँछ। त्यहाँ रोजगारी मिल्दैन, विदेशतिर पलायन हुन्छ। त्यस्ता मान्छेले पठाएको विप्रेषणले हाम्रो मुलुक चलेको छ। दलाल पुँजीवादले गरेको विषैलो आक्रमणले जनताको जीवन यति कष्टकर छ कि यसबाट मुक्ति भन्नु नै क्रान्ति हो।

नेपालको संविधान २०७२ को प्रस्तावनामा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गरिएको छ। शहीदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै, सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ।

संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी संविधान जारी गरिएको कुरा उल्लेख छ।



बुझ्नुपर्ने कुरा के हो भने उद्यमशील पुँजी राष्ट्र र जनताको पक्षमा हुन्छ। आजको अर्थ- राजनीतिक समस्या भनेको दलाल पुँजीवादको समस्या हो। यसलाई परिवर्तन नगरेसम्म निरपेक्ष रूपले शोषण गर्ने, कमिशन मात्रै खाने, रोजगारी सिर्जना नगर्ने, रातारात चुलिने, राजनीतिक नेता किन्ने, प्रहरीप्रशासन पकडमा लिने, अदालतका न्यायाधीश किन्ने, अख्तियार किन्ने, सबैतिर गठजोड मिलाउने र लुटिरहने हुन्छ। कानुन त्यस्तै बनाउने, नियम त्यस्तै बनाउने, निर्णयहरू त्यस्तै गरिरहने दलाल पुँजीवादको विशेषता हुन्छ। सबै गरेर यसरी दलाल पुँजीवादी गठबन्धन, त्यो पुँजीपति र राज्यका सबै संयन्त्र एक ठाउँमा मिल्छन्। जतिसुकै राम्रो कुरा गर्दा पनि त्यो प्रशासन, राजनीति, अदालत र अख्तियारले न्याय गर्दैन। न्याय दलाल पुँजीको पक्षमा मात्रै हुन्छ।

फैसला दलाल पुँजीपति गठबन्धनको पक्षमा मात्रै हुन्छ। संसदमा पनि उनीहरू नै जान्छन्। शक्ति सम्पन्न मुलुकका पुँजीपतिहरु पनि यस्तै गठबन्धनकै पक्षमा हुन्छन्। वास्तवमा कानून निर्माण गर्न पनि दलाल पुँजी पक्षधरहरू नै पुगिरहेका हुन्छन्। कानून बनाउने कुरामा नकारात्मक उत्प्रेरकको भूमिका खेलिरहेका हुन्छन्। यसरी श्रमजीवीलाई श्रमजीवी नै राख्ने अझै तिनको जिन्दगीलाई कष्टकर बनाउने यो अर्थतन्त्र दलाल अर्थतन्त्र हो। राष्ट्रिय पुँजीपति वर्ग सदैब दलाल पुँजीपति वर्गबाट पीडित रहन्छ। दलाल पुँजीवादका प्रतिनिधिहरूको राजनीतिक पार्टीसँग प्रत्यक्ष साइनो हुन्छ। यिनीहरू नै जनताको नाम भजाएर, सेवा नै परम् धर्म हो भन्दै हात्तीको देखाउने दाँत झैं देखाउँदै जनताको पसिनामाथि शोषणको सुँड घुसाउँछन्। पुँजीवादले जुका-भ्यात्लुङले रगत चुसे झैं जनतालाई चुस्ने गर्छ।

पुँजीवादले भूमण्डलीकरणको माध्यमबाट आफ्ना दाह्रा-नङ्ग्रा आम मेहेनतकश जनतामाथि दागेर शोषण अकण्टक शासन गरिरहेको छ। आज विश्वभरि नै कम्युनिष्ट पार्टीहरूलाई भू-मण्डलीकरणको सेप लागेको छ। तर, नेपालमा लगभग दुईतिहाइ मतादेशसहित नेकपाको नेतृत्वमा सरकार बनेको छ। नेकपासामु चुनौति धेरै छन्। बुर्जुवा व्यवस्थालाई दिगोपन दिन सिर्जना गरेका संस्कारलाई जीवन व्यवहारमा लागू गर्दा मार्क्सवादको सिर्जनात्मक प्रयोग हुँदैन। संसदीय चुनावलाई साधन नभई साध्य कै रूपमा अंगीकार गर्नु गलत हो। यसै गरेकाले नेताहरू यतिबेला पद, प्रतिष्ठा र सम्मानका भोका भएका छन्। कम्युनिष्ट पार्टीका नेताहरूले द्वन्द्वात्मक भौतिकवादी भएर नसोच्ने हो भने समाजवादका कुरा पँधेराका गफ हुन्छन्। मार्क्सवादप्रति ओठेभक्ति देखाएर न मार्क्सवादको विकास हुनसक्छ, न जीवन सञ्चालनका लागि नयाँ सिद्धान्तको जन्म हुनसक्छ।

नेपालको चालू संविधानका निर्देशक सिद्धान्तहरू पनि समाजवादी कार्यदिशाका छन्। आर्थिक पक्षको मात्र कुरा गर्ने हो भने पनि मुलुकलाई समाजवादउन्मुख गराउन निर्देशन गरेको छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भनी स्पष्ट उल्लेख छ।

राज्यको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति पनि यो विषयमा सुस्पष्ट छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने, आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने, उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने, कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने नीतिमा स्पष्ट छ।


राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवम् परिचालन गर्ने, क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले अघि बढ्ने नीति लिइएको छ। संविधान सैद्धान्तिक दस्तावेज मात्र होइन, यो जीवनव्यवहार सञ्चालनको मूल कानून पनि हो। संविधान लेख्नका लागि र देखाउनका लागि मात्र होइन, जीवन व्यवहारमा लागू गर्न निर्माण गरिएको सन्तुलनकारी दस्तावेज हो, यो मुलुकको मूल कानून हो।

कुरा समाजवादको, तर पक्षधरता दलाल पुँजीवादको भएमा जीवन व्यवहारमा मानिस, पार्टी र मुलुकको जीवनमा विरोधाभाष हुन्छ, जुन यतिबेला देखिइरहेको छ। विश्व परिवेशमा देखिएका तमाम विकृतिसँग लड्न र समाजवादी व्यवस्थालाई पुनःस्थापित र युग अनुरुप विकास गर्न आजका कम्युनिष्टहरूले पुँजीवादसँग संघर्ष गर्न सशक्त एकीकृत पार्टी बनाउन सक्नुपर्छ। नेपालको संविधानले परिकल्पना गरेको समाजवादउन्मुख राज्यव्यवस्था एउटा काल्पनिक उडान जस्तो मात्र होइन, यो दलाल पुँजीवाद विरोधी समाजवादी राज्यव्यवस्था स्थापनाको आधार हो।

*tirthakharel2028@gmail.com*



# जाडोमा घाम ताप्नुको फाइदा



अमित संग्रौला

जाडोको समयमा अर्थात् चिसोमा घाम सबैलाई प्रिय लाग्छ। घाम मानिसको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने र बहुउपयोगी ग्रह हो। ब्रम्हाण्डमा जसरी नै घामको महत्व हाम्रो जीवनमा पनि उत्तिकै छ। घामले सकारात्मक प्रवाह पार्छ, ऊर्जा दिन्छ। बिहानको घाम स्वास्थ्यका हिसाबले लाभदायी पनि हुन्छ। जसरी हामीलाई पानीको आवश्यकता पर्छ खानाको आवश्यकता पर्छ, त्यसैगरी घामको पनि आवश्यकता पर्छ।

घाम नलागेको दिन मौसमसँगै मानिसको 'मुड' पनि बादल लागेको जस्तै धुम्म हुन्छ। मौसमले 'मुड'मा मात्र होइन मानव शरीरमा नै असर गरिरहेको हुन्छ। छालाको लागि घाम चाहिन्छ। भिटामिन ९ 'डी' प्राप्त गर्नकै लागि भए पनि घाम ताप्नै पर्छ।

जाडो मौसममा हाम्रो शरीर चिसो हुन्छ। यतिखेर शरीरलाई न्यानो बनाउन विभिन्न प्रयास गरिरहेका हुन्छौं। कति मानिसहरु घाम बसिरहेका हामीले देखिरहेका छौं। चिसोबाट बच्नको लागि घाममा बसिरहेका हुन्छौं। तर, घाममा बस्दा हाम्रो शरीरलाई के फाइदा पुऱ्याउँछ हामीलाई थाहा नहुन सक्छ। पुस-माघको घाम न्यानो हुने र नपोल्ने घाम हुन्छ। न्यानो घाममा बसेर हामी गफगाफ गर्दै बदाम, सुन्तला खानुको मज्जा नै बेग्लै छ।

यतिखेरको घाम हामीलाई प्यारो लाग्ने गर्छ। जाडोयाममा घाम ताप्दा विभिन्न फाइदा हुन्छ। यसबाट भिटामिन डि प्राप्त हुन्छ। शरीरलाई न्यानो बनाइ राख्न मद्दत गर्छ। शरीरलाई चिसोबाट बचाएर न्यानो प्रदान गर्ने नै हो। यसका साथै घामले व्यक्तिको कार्यक्षमतालाई समेत बढाउँछ। बिहानी समयको घाम त अझ शरीरको रक्तसञ्चारलाई सन्तुलित बनाउन पनि महत्वपूर्ण हुन्छ। घामको न्यानो प्रकाशले शरीरमा रगत जम्ने प्रक्रियालाई रोकेर रक्तसञ्चारलाई चुस्त पार्छ।

घाममा बस्दा शरीरले अत्यधिक भिटामिन डी ग्रहण गर्ने हुनाले हाडको विकासको लागि सहयोगी बन्छ। त्यसको साथै यसले जोर्नी र चिसोको कारणले हुने शारीरिक दुखाइ पनि कम गर्छ। दिमागलाई तनावमुक्त बनाई रातको समयमा गहिरो निद्रा लिन जाडोको घामले सहयोग गर्छ।

नियमितरुपमा घाममा बस्नाले विभिन्नखालका किटाणुको संक्रमणबाट बच्नुका साथै मधुमेही र मुटुरोगीलाई समेत राहत दिन्छ। सौर्यप्रकाश र सग्लो खानेकुराले स्तन क्यान्सरको खतरा घटाउँछ। सूर्यको प्रकाशले हानीकारक ब्याक्टेरियालाई मार्दछ। छालासँग सम्बन्धित जुनसुकै किसिमको समस्याको उपचारमा लाभदायक हुन्छ। सौर्यप्रकाशले कोलेस्टेरोल घटाई प्रजनन् क्षमता बढाउँछ। घामको किरणले उच्च रक्तचापलाई नियन्त्रण गर्दछ।

सौर्यप्रकाश छालाको भित्रसम्म छिरेर रगत र रक्तवाहन नलीलाई सफा गर्ने काम गर्दछ। सूर्यको किरणले मानव रगतमा अक्सिजनको मात्रा बढाउँछ। स्टामिना, फिटनेस र मांशपेसी विकासमा यसको ठूलो प्रभाव रहन्छ। रोग-प्रतिरोधात्मक क्षमता बढाउँछ।

घामसँगको नियमित संसर्गले बालबालिकाको शारीरिक एवम् उचाइ वृद्धि गराउँछ। घाम ताप्नाले तनाव वा डिप्रेशनको उपचारमा सहयोगी सावित हुन्छ। स्मरणशक्तिलाई सदाबहार राख्न घामको उत्तिकै महत्व रहन्छ। मोटोपना नियन्त्रणमा सहयोग गर्दछ। हाड तथा दाँत बलियो बनाउँछ भने दमको समस्यालाई पनि घटाउँछ। त्यसैले जोडोयाममा घाम तापौं।

# इनरह्वीलको सहयोग बालबालिकालाई



**बिर्तामोड, पुस १९।** इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले झापाको बिर्तामोड-७ गरामनीका एक सय जना विपन्न बालबालिकालाई न्यानो कपडा र जुत्ता प्रदान गरेको छ ।

बिर्तामोड-७ का खालवाडी टोल विकास संस्था मुसहरवाडी, खालवाडी रेखा टोल विकास संस्था सन्थालवाडी, समावेसी टोल विकास संस्था मुन्सीवाडीका एक सय जना विपन्न बालबालिकालाई न्यानो कपडा र जुत्ता प्रदान गरेको इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु बंशलले जानकारी दिइन् ।

जाडोको मौसम शुरु भएसँगै कष्टकर जीवन बिताउँदै आएका विपन्न वालवालिकालाई विभिन्न भाइरसजन्य फ्लुहरुबाट बचाउन न्यानो कपडा र जुत्ता प्रदान गरेको उनले बताइन् ।

इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु बंशलको अध्यक्षता तथा बिर्तामोड-७ की वडाध्यक्ष चन्द्रकला पकवालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सेक्रेटरी सम्झना भण्डारीले स्वागत गरेकी थिइन् ।

संस्थाकी भाइस प्रेसिडेन्ट जमुना भुषालले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा चाटर्ड प्रेसिडेन्ट भूमिका पोखेल, बोर्ड मेम्वर रुची शिवाकोटी, वर्षा राजभण्डारी, रिजु क्षेत्री, कमला पौडेल लगायतले विपन्न बालबालिकालाई न्यानो कपडा र जुत्ता प्रदान गर्नुका साथै मिठाइ समेत वितरण गरेका थिए ।

न्यानो कपडा र जुत्ताको सौजन्य विर्तामोडका व्यवसायीहरु अञ्जना बस्नेत र सिर्जना गुरुङले गरेका थिए ।

कार्यक्रममा बिर्तामोड-७ का पूर्व वडाध्यक्ष मेदनीप्रसाद न्यौपाने, रारा चिया प्रसोधन उद्योगका सञ्चालक उद्धीम न्यौपाने, टोल विकास संस्थाका दुर्गाप्रसाद मैनाली लगायतले जाडोको मौसममा कष्टकर जीवन बिताउँदै आएका विपन्न बालबालिकालाई न्यानो कपडा र जुत्ता प्रदान गरेको भन्दै इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनको प्रशंसा गरेका थिए ।

कार्यक्रमको सञ्चालन इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी सेक्रेटरी सम्झना भण्डारीले गरेकी थिइन् ।

# बुद्धनगर टोलमा पुनः प्रसाईं



**बिर्तामोड, पुस १९।** बिर्तामोड-५ स्थित बुद्धनगर टोल सुधार समितिको अध्यक्षमा पुनः युवराज प्रसाईं चयन भएका छन् ।

संस्थाको सातौं वार्षिक साधारणसभाको बन्दसत्रले प्रसाईंको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्ष पारसमणि कडरिया, सचिव देवीभक्त आचार्य, सहसचिव होमादेवी कडरिया, कोषाध्यक्ष अग्निदेव लुइँटेल रहेका छन् । त्यस्तै समितिका सदस्यहरुमा अञ्जना प्रसाईं, प्रमोद लम्साल, पुण्यप्रसाद शिवाकोटी, रसिद अली, अमरबहादुर कार्की, भिमकुमारी बिष्ट, प्रेमप्रसाद कडरिया, खेमनाथ मिश्र रहेका छन् ।

संस्थाको नयाँ कार्यसमिति चयन गर्न सूर्यप्रसाद सापकोटा संयोजक र मोहनविक्रम मल्ल, मेदनीप्रसाद सिटौला सदस्य रहेको निर्वाचन समिति गठन गरिएको थियो । र, त्यही समितिले नयाँ कार्यसमिति चयन गरेको बताइएको छ ।

संस्थाका अध्यक्ष युवराज प्रसाईंको अध्यक्षता तथा बिर्तामोड-५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाकी सहसचिव होमादेवी कडरियाले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा त्रिवेणी टोल सुधार समितिका अध्यक्ष लक्ष्मीप्रसाद आचार्य, सुन्दर नगर टोल सुधार समितिका अध्यक्ष हरि दियाली, बुद्धनगर महिला समूहकी अध्यक्ष अञ्जना प्रसाईं लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष युवराज प्रसाईले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रेमकुमार श्रेष्ठ, दुर्गाप्रसाद शिवाकोटी लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव देवीभक्त आचार्यले गरेका थिए ।

# सिटौलाद्वारा अक्षयकोष स्थापना



**बिर्तामोड, पुस १९।** कनकाई-९ घैलाडुव्वामा रहेको आदर्श विद्यामन्दिर माध्यमिक विद्यालयको हातामा निमार्ण गरिएको सरस्वती मन्दिरको संरक्षण, सम्वर्द्धन र पूजा व्यवस्थापनका लागि पूर्व विद्यार्थी रेणुका सिटौलाले दुई लाख रुपैयाँको अक्षयकोष स्थापना गरेकी छिन् ।

उनले बिद्यालयका प्रधानाध्यापक धर्मानन्द निरौलालाई उक्त रकमको चेक हस्तान्तरण गर्दै अक्षयकोष स्थापनाको घोषणा गरेकी हुन् । घैलाडुव्वाकी समाजसेवी गौरामाया सिटौलाले सरस्वती मन्दिर निर्माण गरिदिएकी थिइन् ।

उक्त मन्दिरको संरक्षण तथा सम्वर्द्धन र त्यहाँ प्रत्येक वर्ष आयोजना गरिने सरस्वती पूजा ब्यवस्थापनका लागि स्व.सिटौलाकी छोरी तथा पूर्व विद्यार्थी रेणुका सिटौलाले आफ्नी आमाको स्मृतिमा दुई लाख रुपैयाँको अक्षयकोष स्थापना गरेको बताइन् । अक्षयकोष स्थापनासंगै सरस्वती मन्दिरको घेरावाराका लागि समेत आफूले सहयोग गर्ने उनले प्रतिवद्धता जनाइन् ।

बिद्यालयका प्रधानाध्यापक धर्मानन्द निरौलाले पूर्व विद्यार्थी सिटौलाले गरेको कार्यको प्रशंसा गरेका थिए ।


**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो. ९८१५९५२४९९/९८४१३२१४६४

**घडेरी बिक्रीमा**

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ ।

मो. ९८४१३२८७९८, ९८१८९४०३१३/९८४२७५६१००

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'




सम्पर्कः ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**जग्गा बिक्रीमा**

अर्जुनधारा-८ कदमगाछी नजिक ३२ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ ।

मो. ९८०७९१०२२२

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस

७ बार १२ महिना सन्चालनमा

घिमिरे अफसेट प्रेस बिर्तामोडमा

प्रतिविम्बन उत्तरपट्टिको घर

फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२७, ०२३-५४६००५




दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**पाथीभरा सिने प्लाजा बिर्तामोड अब पुस १० गतेबाट खुल्ला**

नेपाली कथानक चलचित्र
सेन्टी भाइरस
शुक्रवारबाट प्रदर्शनमा

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)




**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**विशेषज्ञ डाक्टरहरुको सेवा**

डा. सविन मानन्धर
MBBS (KU) MD (NAMS)
बरिष्ठ बालरोग विशेषज्ञ (दैनिक सेवा)

डा. सरोज कुमार यादव
MBBS, MS
जनरल सर्जन युरोलोजी (दैनिक सेवा)

डा. राजीव कोइराला
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा

डा. प्रमोद कुमार शाह
MBBS, MD (TU)
कन्सलटेन्ट फिजिसियन ) दैनिक सेवाः ८-१० बजे)

यहाँ अन्य सेवाहरुः डिजिटल X-Ray, होलोग्रामसहितको मेडिकल, अत्याधुनिक प्रविधिबाट प्याथोलोजी ल्याब सेवा, होलबडी चेकअप, फार्मेसी सेवा

**बुढासुब्बा मेडिकल सेन्टर प्रा.लि.**
शनिश्चरे रोड, पाथीभरा टोल नं. ४ रोड, बिर्तामोड, झापा (०२३-५४१६६२)

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**UAE मा PSBD Guard हरुलाई रोजगार**

securiguard Middle East

कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi

पूर्व स्वीकृत मिति: २०७६/०८/०१ पुन स्वीकृत मिति: २०७७/०९/०३ चलानी नं.: ६०७८६८२६ पुन चलानी नं.: ८७८ L.T. No.: 227241

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्ताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 291 | 0 | [illegible] | 2000 | ६३,२०० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | छ | ३ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ वर्ष देखि ४० वर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ ।

फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट बिर्तामोडमा मिति २०७७ पुस २० गते होटल होलिडेमा हुनेछ ।

**सन लाईट ह्युमन रिसोर्स प्रा. लि.**
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं,
Lic No. 689/063/064
मो.: ९८०३०९१५४०, ९८१४९४३६२३, ९८१०५६९१९१, ९८०४९५६९२९, ९८१३४१६५१२


# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साावा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा सुरुङ्गा, सुरुङ्गा, झापा**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिताको नाम | कर्जाको उद्देश्य | सांवा रकम | २०७७।०९।१६ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | धितो मंजूरीनामा दिने |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भगवती अगरबत्ति प्याकेजिङ उद्योग (प्रो.युवराज सिटौला) | कन्काई न.पा. ०३, झापा | डिल्लीराम | चुडामणि | सरल कृषि | १०००००० | ११६१२२ | १११६१२२ | मिराकुमारी उप्रेती |
| | | | | | व्यापार | ८००००० | ९३४६२ | ८९३४६२ | |
| २ | दिपक मिश्र | कन्काई न.पा.०८, लक्ष्मिपूर, झापा | प्रेमलाल | कृष्णप्रसाद | सरल कृषि | ७८१०८२ | ४०८०२ | ८२१८८४ | कल्पना गुरागाई |

**श्री कृषि विकास बैंक लि.**
१ नं. प्रदेश कार्यालय, विराटनगर



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरूले उत्साह जगाउनेछन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समयमा होस नपुग्नाले फजुल खर्च बढ्नेछ । चिताएका काममा अनायासै व्यवधान देखा पर्न सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । आफ्नै कमजोरीले विवाद निम्त्याउनेछ । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला । परिवारजनबाट समेत टाढिनुपर्ला । सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** धेरै आम्दानी नभए पनि उठ्नुपर्ने रकम हातलागी हुनेछ । तर, हातलागी भएको रकम अरूको हातमा पर्न सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पछिका लागि लगानी गर्नुपर्ला । अचल सम्पत्ति उपयोग गर्नुपर्ने हुन सक्छ । श्रमको उचित मूल्यांकन होला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानी तत्काल प्राप्त नहुन सक्छ । आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ला । तत्काल फाइदा लिंदा पछिको लाभांश घट्न सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले किर्तिमानी दिलाउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।